**गंगादेव गाउँपालिका, रोल्पा**

# स्थानिय राजपत्र

खण्डः ५ | संख्याः २ | मितिः २०७८।१०।१८

भाग-२

गंगादेव गाउँपालिका

## प्रसुति केन्द्र स्थापना, सञ्चालन तथा स्तरोन्नती सम्बन्धि कार्यविधि, २०७८

**प्रस्तावना :**

नागरिकलाई सर्वशुलभ, पहुँचयोग्य तथा गुणस्तरीय प्रशुति सेवा प्रदान गर्ने प्रयोजनका लागी स्वास्थ्य संस्थामा प्रसुति केन्द्र स्थापना, सञ्चालन तथा स्तरोन्नती गर्न कार्यविधि वान्छनिय भएकाले, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम परिच्छेद ३ को दफा ११ उपदफा २ को खण्ड (झ) ले दिएको अधिकार तथा स्थानिय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७८ को दफा ४(१) प्रयोग गरी गंगादेव गाउँ कार्यपालिकाको मिति २०७८ माघ १८ गतेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"प्रसुति केन्द्र स्थापना, सञ्चालन तथा स्तरोन्नती सम्बन्धि कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछद ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले गंगादेव गाउँपालिकाको स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यविधि बमोजिम गठन भएको समिति लाई सम्झनु पर्दछ ।

(ख) "प्रशुति केन्द्र" भन्नाले सामान्य किसिमका सुत्केरी गराउने तथा आकस्मिक अवस्थामा अक्सिटोसिन, एन्टिवायोटिक र कम्पन रोक्ने औषधि द्वारा प्राथमिक उपचार गर्ने केन्द्र सम्झनु पर्दछ ।

(ग) "वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर " भन्नाले एन्टिवायोटिक, स्याग्नेसियम सल्फेट वा अक्सिटोसिन दिने, अड्केको साल निकाल्ने, औजार (भ्याकुम) समेतको मद्दतले शिशु जन्माउने, नवजात शिशुको रिससिटेसन गर्ने र गर्भपतन भएकोमा पाठेघर सफा गर्ने सम्मको सेवा दिने केन्द्र लाई सम्झनु पर्दछ ।

(घ) "दक्ष प्रशुतिकर्मि" भन्नाले मान्यता प्राप्त संस्थाबाट अ.न.मी वा स्टाफ नर्स वा एम.बि.बि.एस गरी मान्यता प्राप्त संस्थाबाट एस.बि.ए/एडभान्स एस.बि.ए तालिम प्राप्त स्वास्थ्यकर्मि भन्ने बुझ्नु पर्दछ ।

# परिच्छेद २

## प्रशुति केन्द, वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयरसञ्चालन अनुमति प्रक्रिया

### ३. प्रसुति केन्द्र तथा वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर स्थापना गर्न आवश्यक न्युनतम आधार :

(१) प्रसुति केन्द्र स्थापना गर्न स्वास्थ्य संस्थाको क्षेत्राधिकार भित्रको न्युनतम जनसंख्या कम्तिमा दुई हजार हुनु पर्दछ । यसरी जनसंख्या कम भएका ठाउँमा प्रसुति सेवाको शुनिश्चित गर्न तथा जनताको सहजताको लागी गाउँपालिकाले प्रभावकारी प्रेषण प्रणाली स्थापित गर्नुपर्ने छ ।

(२) गर्भवति, प्रसुति तथा सुत्केरीको व्यवस्थापन गर्न गाउँपालिकाको केन्द्रमा रहेको स्वास्थ्य संस्थामा वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर सेन्टर सञ्चालन गर्नुपर्ने छ ।

(३) प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर स्थापना गर्ने स्वास्थ्य संस्थामा अनुसुचि १ बमोजिम न्युनतम भौतिक पूर्वाधार हुनुपर्नेछ ।

### ४. प्रसुति केन्द्र तथा वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर) सुचिकृति गर्ने पक्रिया :

(१) स्वास्थ्य संस्थामा प्रसुति केन्द्र/वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर स्थापनाको औचित्य तथा दिगोपना पुष्टि हुने आधार सहित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले गरेको निर्णयको प्रतिलिपि र वडा कार्यालयको सिफारिसमा स्वास्थ्य चौकीले गाउँपालिकाको स्वास्थ्य शाखामा निवेदन पेश गर्नुपर्ने छ ।

(२) निवेदन प्राप्त भएको १५ दिन भित्रमा अनुसुचि २ बमोजिम प्राविधिक कार्यसमुह गठन गरी स्थलगत अध्ययन गुर्नपर्नेछ । प्राविधिक कार्यसमुहले स्वास्थ्य संस्थामा प्रसुति केन्द्र/वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर स्थापना गर्न स्थानिय आवश्यकता, जनसंख्या, न्युनतम भौतिक पूर्वाधार, नजिकैको अर्को प्रसुति केन्द्र /वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर सम्मको दुरी लाई आधार मान्नुपर्नेछ ।

(३) प्राविधिक कार्यसमुहको प्रतिवेदन बमोजिम स्वास्थ्य शाखा प्रमुखले आफ्नो राय सहित गाउँ कार्यपालिकाको वैठकमा पूर्व-स्वीकृतीका निम्ति पेश गर्नुपर्नेछ ।

(४) पूर्व-स्वीकृती प्राप्त भएमा प्राविधिक कार्यसमुहको प्रतिवेदन अनुसार अनुसूचि १ बमोजिमको आवश्यक पूर्वाधार, अनुसूचि ३ बमोजिम औजार उपकरण र अनुसूचि ४ बमोजिम औषधिहरुको अपुग वा अप्रयाप्त भएको पाईएमा स्वास्थ्य शाखाले व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आवश्यक सम्पूर्ण पूर्वाधार, औजार उपकरण तथा औषधि शुनिश्चित गरिसके पश्चात स्वास्थ्य शाखा प्रमुखले प्रसुति केन्द्र/वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर सुचिकृतका निम्ति सम्पुर्ण कागजात सहित गाउँ कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेछ ।

(६) प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर सुचिकृतको निर्णय पश्चात सम्बन्धित स्वास्थ्य संस्था, पालिका स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखा लाई जानकारी गराउनु पर्नेछ ।

### ५. मानव संसाधनको व्यवस्था :

(१) प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा अनुसूचि ५ बमोजिम दक्ष प्रसुतिकर्मि सहित मानव संसाधनको व्यवस्था गर्नुपर्ने छ । यसरी मानव संसाधनको व्यवस्था गर्दा प्रसुति संख्या लाई आधार मान्नु पर्नेछ ।

(२) दफा (५) को उपदफा (१) बमोजिम प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर मा कर्मचारी व्यवस्थापन गर्दा संघिय/प्रदेश अन्तर्गत ससर्त अनुदानको रकम अपुग भएको खण्डमा पालिकाको श्रोत बाट कर्मचारी भर्ना गर्नुपर्ने छ।

**६. प्रेषण प्रणालि सुदृढिकरण गर्नुपर्ने :**

(१) जटिलतायुक्त प्रशुतिको समयमानै पहिचान तथा प्रेषण गर्न प्रशुतिकर्मिको क्षमता अभिवृद्धि गर्नुपर्नेछ।

(२) सबै प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयरमा जटिलतायुक्त प्रशुतिको प्रेषण गर्न २४/७ दिन एम्बुलेन्स वा भाडाको गाडिको शुनिश्चितता गुर्नपर्नेछ।

(३) जटिलतायुक्त प्रशुतिको प्रेषणका निम्ति प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर सेन्टर र विस्तृत ईमरजेन्सि अव्स्टेट्रिक केयर सेन्टर बिचको समन्वय का लागी प्रभावकारी संचारको शुनिश्चितता गर्नुपर्नेछ।

(४) अति विपन्न वर्गका महिलालाई गर्भावस्था, प्रसुतिवस्था, सुत्केरीवस्थामा कुनै जटिलता देखिएमा निशुल्क प्रेषण तथा उपचार गर्न गाउँपालिकमा आकस्मिक स्वास्थ्य उपचार कोष को स्थापना गुर्नपर्नेछ।

**७. प्रसुति केन्द्र खारेज गर्न सक्ने** :

(१) सुचिकृत प्रसुति केन्द्रले लगातार तीन वर्ष सम्म वार्षिक छत्तिस (३६) जना भन्दा कम प्रसुति सेवा दिएमा गाउँ कार्यपालिका ले स्वास्थ्य शाखाको राय बमोजिम खारेज गर्न सक्नेछ।

(२) प्रसुति केन्द हटाईएका स्थानमा जनताको सहजताका लागी प्रभावकारी प्रेषण प्रणालि सञ्चालन गर्नु पर्नेछ।

(३) दफा (७) को उपदफा (१) बमोजिम स्वास्थ्य शाखाले राय प्रस्तुत गर्नुपूर्व प्राविधिक कार्यसमूहले उक्त संस्थाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा स्वास्थ्यकर्मि सँग परामर्श गरी उचित कारण सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) गाउँ कार्यपालिकाले प्रसुति केन्द्र खारेज को निर्णय गर्दा उक्त प्रसुति केन्द्र मा रहेका औजार र उपकरणको व्यवस्थापनमा ध्यान दिनु पर्नेछ र खारेज पश्चात सम्बन्धित स्वास्थ्य संस्था, पालिका स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशनालय र परिवार कल्याण महाशाखा लाई जानकारी गराउनु पर्नेछ।

# परिच्छेद ३

## गुणस्तरीय प्रशुति सेवा सम्बन्धि व्यवस्था

### ८. गापनियता कायम हुनुपर्ने :

(१) प्रसुति सेवा दिने स्थानमा पुर्ण रुपमा गोपनियता कायम भएको हुनुपर्नेछ। गोपनियता सकेसम्म श्रव्य, दृष्य दुवै किसिमको कायम गर्नुपर्ने छ।

### ९. २४ सै घण्टा सेवा दिनु पर्ने :

(१) प्रसुति सेवा वर्षै भरि २४ सै घण्टा उपलब्ध गराउनुपर्नेछ।

### १०. समान व्यवहार गर्नुपर्ने :

(१) प्रसुति सेवा प्रदान गर्दा सबै सेवाग्राहिलाई समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मिको कर्तव्य हुनेछ।

(२) दफा (१०) को उपदफा (१) बमोजिम जुनसुखै कुरा लेखिएको भएता पनि बिरामीको स्वास्थ्यको गम्भीरताको आधारमा प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर)ले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात, लिङ्ग, पेशा, शारिरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, बैवाहिक स्थिति, वैचारीक अवस्था वा यस्तै अन्य कुनै आधारमा उपचारमा भेदभाव गर्नु गराउनु हुदैन।

### ११. पूर्वतयारी स्वमुल्याङ्कन तथा पारदर्शिता :

(१) प्रत्येक प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर)ले चौमासिक रुपमा प्रशुति सेवाको पूर्वतयारीको अवस्था सम्बन्धि गुणस्तर सुधार टुलको प्रयोग गरि स्वःमुल्याङ्कन गर्नुपर्ने हुन्छ। यसरी स्वःमुल्याङ्कन गर्दा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको उपस्थितिमा गर्नुपर्ने हुन्छ।

(२) दफा (११) को उपदफा (१) बमोजिम स्वःमुल्याङ्कन गरे पश्चातको अवस्था, सेवाग्राही सबैले देखिने गरी टाँस्नु पर्ने हुन्छ।

### १२. प्रशुति सेवा बापत प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर) लाई प्राप्त हुने प्रति ईकाई रकमको सदुपयोग :

(१) सुचिकृत प्रसुति केन्द्र/ वेसिक ईमरजेन्सि अव्स्टेट्रिक केयर)ले आमा तथा नवशिशु सेवा प्रदान गरे बापत “आमा तथा नवशिशु सुरक्षा कार्यक्रम” कार्यविधि निदेशिका बमोजिम प्राप्त गर्ने प्रति ईकाई रकमको खर्च प्रशुति सेवा लाई गणस्तरी गराउने क्रियकलाप बाहेक का गतिविधिमा खर्च गर्न पाउने छैन।

# अनुसूचि १

**प्रसुति सेवा केन्द्रमा स्थापना गर्न आवश्यक न्युनतम पुर्वाधार :**

| क्र.सं | न्युनतम पुर्वाधारको सूचि | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | सुरक्षित स्थान | | | बाढि, पहिरो, चिहान तथा बन्यजन्तुको जोखिम नभएको स्थान |
| २. | कम्तिमा दुई वटा बेड अट्न सक्ने पूर्व/उत्तर प्रसुति कक्ष | १ | | |
| ३. | प्रशुति कक्ष | १ | | डेलिभरि बेड, ईमरजेन्सि ट्रलि, आवश्यक न्युनतम सामाग्री राख्न दराज अट्ने र आपतकालिन अवस्थामा कम्तिमा ४ जना व्यक्ति सजिलै हिँडडुल गर्न सक्ने ठाउँ भएको |
| ४ | गर्भवति तथा सुत्केरीका निम्ति पूर्व/उत्तर प्रसुति कक्ष सँग जोडिएको ट्वाईलेट | १ | | |
| ५ | प्लासेन्टा पिट | १ | | |
| ६ | रातको समयमा ड्युटिमा खटिएका नर्सिङ्ग कर्मचारीका निम्ति बस्ने ड्युटि स्टेसन कक्ष | १ | | |
| ७ | २४ सै घण्टा विद्युत (व्याकअप समेत) र पानी को व्यवस्था | | | |
| ८ | गर्भवति तथा सुत्केरीलाई भोजन गराउन सक्ने व्यवस्था सहतिको आरामस्थल भएको | | | स्वास्थ्य संस्थामा पकाउने र खाने भाँडा वा नजिकै होटेलको व्यवस्था भएको |
| ९ | एम्बुलेन्स चल्ने बाटो | | | |

# अनुसूचि २

**प्राविधिक कार्य समुहको संरचना :**

(क) प.हे.न/सिनियर नर्स

(ख) स्वास्थ्य शाखा प्रमुख

(ग) गाउँपालिका स्वास्थ्य समितिको प्रमुख वा प्रतिनिधि

# अनुसूचि ३

**औजार तथा उपकरणको सूचि :**

| क्र.सं | औजार उपकरण | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | Delivery Bed with water proof mattress and pillow | १ | | |
| २ | Foot step | १ | | |
| ३ | Delivery set (sponge holding forcep-1; Artery forcep-1; cord cutting scissor-1; small bowl-1; big bowl-1; Kidney tray-1; Rubber sheet-1; wrapper for baby and mother-4) | ३ | | |

| क्र.सं | औजार उपकरण | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| ४ | Episiotomy set (Episiotomy scissor 14.5 cm-1; Episiotomy scissor 22 cm-1; Needle holder 20 cm-2; Dissecting forcep, non toothed 14 cm-1; Dissecting forcep, toothed 14 cm-1; Stitch cutting scissor, 18cm-2; sponge holding forcep, 25 cm-1; small bowl, 180ml-1;Kidney tray-1) | २ | | |
| ५ | Cervical tear repair set (Sponge holding forcep 20 cm-4; Artery forcep 20 cm-1; Artery forcep 16 cm-2; scissor 18 cm-1; Dissecting forcep, non toothed 15 cm-1; suture cutting scissor, long-1; needle holder, 20cm -1; vaginal speculum-1; sims speculum, complete set of 3 size 60*25, 70*30 and 80*30-1) | १ | | |
| ६ | Dressing set ( Artery forcep, 140mm-1; toothed thumb forcep 155mm-1; suture cutting scissor, 140mm-1; kidney tray-1; bowl for antiseptic-1) | १ | | |
| ७ | General bed with water proof mattress and pillow | २ | | |
| ८ | Suction machine for mother | १ | | |
| ९ | Disposable suction tube big and small size | १ | | |
| १० | Baby suction with disposable suction tube | २० | | |
| ११ | Oxygen cylinder with mask | २ | | |
| १२ | IV stand | १ | | |
| १३ | Perilight | १ | | |
| १४ | BP instrument (set) | १ | | |
| १५ | Stethoscope | १ | | |
| १६ | Fetal doppler | १ | | |
| १७ | Measuring tape | १ | | |
| १८ | Emergency trolly | १ | | |
| १९ | Instrument trolly | १ | | |
| २० | Chetal forcep with Jar | २ | | |
| २१ | SS drum big size 3; Small size 2 | ५ | | |
| २२ | Wall clock | १ | | |
| २३ | Resuscitation bag with mask (Baby size 0 and 1) | १ | | |
| २४ | Resuscitation table with water proof mattress | १ | | |
| २५ | Resuscitation set | १ | | |
| २६ | Baby blanket | २ | | |
| २७ | Macintosh (1.5*1.5 meter) | ६ | | |
| २८ | Bed screen | १ | | |
| २९ | Bed pan | १ | | |
| ३० | Dust bin | ३ | | |

| क्र.सं | औजार उपकरण | संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| ३१ | Torch light (head) | १ | | |
| ३२ | Torniquet, latex rubber, 75 cm | ३ | | |
| ३३ | Adult ambubag | १ | | |
| ३४ | Revolving chair | ३ | | |
| ३५ | Digital thermometer | २ | | |
| ३६ | Weighing machine (adult) | १ | | |
| ३७ | Autoclave machine (double drum) | १ | | |
| ३८ | Autoclave tape | १ | | |
| ३९ | Plastic apron | ३ | | |
| ४० | Steel cupboard | १ | | |
| ४१ | Table | १ | | |
| ४२ | Syringe 20cc-5, 10cc-10, 5cc-20, 3 cc-30 | ६५ | | |
| ४३ | Inj RL-10; NS-10; DNS-5; Dextrose-5 | ३० | | |
| ४४ | IV set | १० | | |
| ४५ | IV cannula, 16 gauge-5 and 18 gauge-5 | १० | | |
| ४६ | Butterfly cannula | २० | | |
| ४७ | Foleys catheter-3, plain catheter-5 | ८ | | |
| ४८ | Uro bag | ३ | | |
| ४९ | Surgical gloves -box | १ | | |
| ५० | Utility gloves (pairs) | ३ | | |
| ५१ | Examination gloves (box) | २ | | |
| ५२ | Chromic catgut (pcs) | १० | | |
| ५३ | Cotton big roll | ३ | | |
| ५४ | Gauze piece (than) | ३ | | |
| ५५ | Linen | ५ | | |
| ५६ | Gum boot (pair) | २ | | |
| ५७ | Slipper (pair) | ३ | | |
| ५८ | Big blanket | ३ | | |
| ५९ | Eye Glasses (pcs) | ३ | | |
| ६० | Fridge to store oxytocin | १ | | |
| **New baby corner** | | | | |
| ६१ | Cord clamp | २ | | |
| ६२ | Baby wrapper | १२ | | |
| ६३ | Pan weigh machine | १ | | |
| ६४ | Resuscitation table with warmer | १ | | |
| ६५ | Room thermometer | १ | | |
| ६६ | Baby stethoscope | १ | | |
| ६७ | Penguin suction | २ | | |
| ६८ | Bag and mask (0 and 1) | २ | | |
| ६९ | KMC wrapper, meter | ४ | | |
| ७० | Room heater | १ | | |
| ७१ | Glucometer | १ | | |
| **Additional for BEONC** | | | | |
| ७२ | Laboratory service | | | |
| ७३ | Vacuum set | १ | | |
| ७४ | MVA set | १ | | |
| ७५ | MRP set | १ | | |
| ७६ | Suture set | १ | | |

## अनुसूचि ४

**अत्तिआवश्यक औषधिको सूचि :**

| क्र.सं | औषधिको नाम | न्यूनतम संख्या | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | Injection oxytocine 10 IU (ampoule) | ३० | | |
| २ | Injection Ergometrin (ampoule) | ५ | | |
| ३ | Nefidipine 5mg, 10mg (strip) | ५ | | |
| ४ | Inj Magnesium sulphate, 50% (ampoule) | ५० | | |
| ५ | Inj calcium gluconate (ampoule) | ५ | | |
| ६ | Inj Xylocaine 1% (vial) | ५ | | |
| ७ | Inj Adrenaline (amp) | ५ | | |
| ८ | Inj Dexamethasone (amp) | ५ | | |
| ९ | Inj gentamycin, 40 mg (vial) | ५ | | |
| १० | Chlorhexidine gel 4% | १०० | | |
| ११ | Vitamin k1 Inj | १ | | |
| १२ | New born emergency kit<br>10% dextrose; Inj Ampicillin; Gentamycin inj; phenobarbitone; IV set and 24 g canula; syringe 5ml/10ml | १ | | |

## अनुसूचि ५

**प्रशुति केन्द्रमा मानव संसाधनको अवस्था**

| जम्मा प्रशुतिको संख्या | न्यूनतम नर्सिङ्ग कर्मचारी को संख्या | कैफियत |
|---|---|---|
| न्यूनतम वार्षिक ३६ जना सम्म | अ.न.मी/स्टाफ नर्स- २ जना<br>सहयोगी-१ जना | कम्तिमा एक जना दक्ष प्रशुतिकर्मिको तालिम लिएको |
| ३६ जना देखि ७५ जना सम्म | अ.न.मी/स्टाफ नर्स- ३ जना<br>सहयोगी-१ जना | कम्तिमा दुई जना दक्ष प्रशुतिकर्मिको तालिम लिएको |
| ७५ जना भन्दा माथि | अ.न.मी/स्टाफ नर्स- ४ जना<br>सहयोगी- २ जना | कम्तिमा दुई जना दक्ष प्रशुतिकर्मिको तालिम लिएको |

**आज्ञाले,**

शालिकराम बस्नेत

नि. प्रमुख प्रशासकिय अधिकृत